# झापा जिल्ला अदालतबाट जारी भएको

# सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाइरसको रोकथामको लागि जिल्ला प्रशासन कार्यालय झापाले निषेधाज्ञा जारी राखे पनि जोरबिजोर प्रणालीबाट सार्वजनिक यातायात समेत सञ्चालन गरेको अवस्थामा यस कार्यालयबाट मिति २०७८।१।१०, २०७८।३।०१ तथा मिति ०७८।३।१६ का बैठकबाट निर्णय भए बमोजिम सेवा प्रवाहसम्बन्धी कार्यहरु यथावत सञ्चालन गरी नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गर्ने गरी देहाय बमोजिमका थप सेवाहरु सञ्चालन गर्ने सम्बन्धमा मिति २०७८ असार २२ मा सम्पन्न बेन्च तथा बारबीच भएको छलफलबाट निर्णय भएको हुँदा सरोकारवाला सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०७८/३/२२

तहसिलदार
उप-सचिव

<u>**थप सम्पादन हुने सेवाहरु:**</u>

१. मिलापत्र गर्ने प्रयोजनका लागि दर्ता भएको फिरादपत्रमा प्रतिउत्तरपत्रका साथ मिलापत्रको संयुक्त दरखास्त लिई उपस्थित भएमा बढीमा चार (४) थान मुद्दाको प्रतिउत्तर दर्ता गरी मिलापत्र गराउने ।

२. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ बमोजिम दिनको १.०० बजेभित्र दर्ता भएका दैनिक सामान्यतयाः दुई(२) थान अधिकृत वारिस प्रमाणित सम्बन्धी कार्य ।

३. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ७७ बमोजिम तथा मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ६२ बमोजिम हुने दर्ताद्वारा विवाह दिनको १.०० बजेभित्र दर्ता भएका दैनिक सामान्यतयाः दुई(२) थान सम्बन्धी कार्य ।

४. कानून व्यवसायीलाई नक्कलको प्रमाणित प्रतिलिपि दिने कार्य ।

५. डिसमिस, तामेली हुने मुद्दा र एकतर्फी तारिख रहेको मुद्दा पेसी चढाउने कार्य ।

६. अङ्ग पुगेको दुबै पक्ष आई तारिख मिलान गरेमा नियमानुसा पेसी चढाउने कार्य ।

७. निषेधाज्ञा कायम रहिरहेको अवस्थामा अदालतबाट हुने कार्य मुद्दाको तारिख, म्याद र हदम्याद नगुज्रिने ।